नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर, नेपाल
(................................... शाखा)

राष्ट्रिय युवा परिषद् नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.:
च.नं.:

## नेपाली गजल प्रतियोगिता सम्बन्धी सूचना !!

Intergenerational Solidarity: Creating a World for all Ages भन्ने नाराका साथ २०२२ अगस्ट १२ का दिन अन्तर्राष्ट्रिय युवा दिवसलाई सप्ताहव्यापी कार्यक्रमका साथ मनाउने शिलशिलामा मिति २०७९।०४।२५ गतेका दिन **नेपाली गजल प्रतियोगिता** आयोजना गरिएको हुँदा उक्त प्रतियोगितामा सहभागिताका लागि गजल आह्वान गरिएको छ ।

प्रतियोगिताका नियमहरू:

१। गजल विशुद्ध नेपाली भाषामा लेखिएको हुनुपर्नेछ,

२। गजल बढीमा ७ सेर सम्ममा लेखिएको हुनुपर्नेछ,

३। गजलका न्यूनतम मापदण्ड र मान्यताको पालना गरिएको हुनुपर्नेछ,

४। युवा लक्षित विषय, अन्तरपुस्ता ऐक्यवद्धता, राष्ट्रप्रेम र समृद्धि जस्ता विषयमा गजल रचना गरिएको हुनुपर्नेछ,

५। कुनै वर्ग, लिङ्ग, जातजाति र समुदायलाई नकारात्मक असर पर्ने, गाली, घृणा जनाउने र उत्तेजना फैलाउने, राष्ट्रिय अखण्डता र शान्ति अनि सौहार्दतामा आँच आउने गरी लेखिएका रचना स्वतः अस्वीकृत हुनेछन्,

६। निर्णयमा कुनै विवाद उत्पन्न भएमा त्यसको अन्तिम निरूपण निर्णायकमण्डलले नै गर्नेछ,

७। प्रतियोगिताका लागि पठाइएका गजल कुनै मिडिया वा सामाजिक सञ्जालमा प्रकाशन भएका वा अन्य कुनै प्रतियोगितामा पठाइएको वा वाचन गरिएको हुनु हुँदैन,

८। गजल २०७९ श्रावण २० गतेभित्र राष्ट्रिय युव परिषद्को इमेल ठेगाना **nycnepal2022@gmail.com** मा पठाउनुपर्नेछ । प्रत्यक्ष उपस्थित भई गजल उपलब्ध गराउँदा राष्ट्रिय युवा परिषद् सानोठिमी भक्तपुरको सामाजिक संघसंस्था शाखामा उपलब्ध गराउनुपर्नेछ । प्राप्त गजलमध्ये उत्कृष्ट ३० प्रतिशत गजललाई वाचनका लागि छनोट गरिनेछ,

९। गजल पठाउँदा स्रष्टाले आफ्नो नाम, ठेगाना, मोबाइल नं, ईमेल पहिलो पृष्ठमा खुलाई दोस्रो पृष्ठमा गजल टाइप गरी Pdf format मा पठाउनुपर्नेछ । स्रष्टाले आफ्नो एक प्रति पासपोर्ट साइजको फोटोसमेत पठाउनुपर्नेछ,

१०। छनोटमा परेका प्रतियोगीहरूले नेपाल प्रज्ञा-प्रतिष्ठानको सभा हलमा मिति २०७९।०४।२५ गतेका दिन दिनको ११:३० बजे प्रत्यक्ष उपस्थित भएर वाचन गर्नुपर्नेछ । प्रत्यक्ष उपस्थित हुन नसक्ने स्रष्टाहरुले आफूले पठाएको गजलको वाचन भिडियो रेकर्ड गरेर युवा परिषद्को ईमेल ठेगाना **nycnepal2022@gmail** मा २०७९ श्रावण २४ गतेभित्र पठाउनुपर्नेछ,

११। प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने विजेता स्रष्टाहरूलाई अन्तर्राष्ट्रिय युवा दिवसको मूल समारोहंका दिन २०७९ श्रावण २७ गते क्रमश ४०,०००।- (अक्षरेपी चालीस हजार रुपैयाँ) ३०,०००।-, (अक्षरेपी तीस हजार रुपैयाँ), २०,०००।- (अक्षरेपी बीस हजार रुपैयाँ) र १०,०००।- (अक्षरेपी दश हजार रुपैयाँ) नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ । वाचनमा सहभागी सबैलाई प्रमाणपत्र प्रदान गरिनेछ, थप जानकारीको लागि मोबाइल नं ९८४१४१५७४५ मा सम्पर्क गर्न सकिने छ ।

<u>सहकार्य</u>
अनाममण्डली, काठमाडौं
अन्तर्राष्ट्रिय नेपाली गजल मञ्च, काठमाडौं

<u>आयोजक</u>
राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर

प्रशासकीय प्रमुख